नेपाल सरकार

## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

# मसलन्द तथा कार्यालय सामानहरु आपुर्ती सम्वन्धी

शिलबन्दी बोलपत्रको सूचना

प्रकाशित मिति:- २०७७/०७/०५

यस मन्त्रालयको आ.ब.२०७७/२०७८ को लागि बोलपत्र फाराममा उल्लेख भए बमोजिमका मसलन्द तथा कार्यालय सामानहरु आपुर्ती गर्नु पर्ने भएकोले रु. ३०००।- (तिन हजार) कोष तथा लेखा नियन्त्रण कार्यालयको एभरेष्ट बैंक लिं. सिंहदरवारमा रहेको खाता नं. ००१००१०६२०००००।- मा जम्मा गरेको बैंक भौचर पेश गरी बोलपत्र फारम खरिद गर्नु पर्नेछ । यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र इच्छुक फर्म वा कम्पनीको नियमानुसार नविकरण भएको इजाजत पत्र, स्थाई लेखा नम्वर, मूल्य अधिवृद्धि कर प्रमाणपत्र एवं आ.ब. २०७६/०७७ को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि संलग्न गरी रु. १० को टिकट टाँस गरी यस मन्त्रालयको स्टोर शाखावाट कार्यालय समय भित्र बोलपत्र फाराम प्राप्त गर्न सकिने छ । यो सूचना प्रकाशित भएको मितिले ३१ (एकतिसौं) दिनको १२.०० बजे सम्म यस मन्त्रालयको मूल दर्तामा शिलवन्दी बोलपत्र दर्ता गराई सक्नु पर्ने छ ।यस सम्वन्धी विस्तृत सूचना मन्त्रालयको वेबसाइटमा राखिएको छ।अन्य प्रावधान सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ । थप कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस मन्त्रालयमा सम्पर्क गर्न सकिनेछ ।